संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति – २०६४ माघ ५**

---

**उच्चायुक्तको कार्यालय–नेपालद्वारा बारा जिल्लामा बसमा गराइएको विस्फोटनको भर्त्सना; प्रदर्शन तथा राजनीतिक र्‍यालीहरू अहिंसात्मक होऊन् भन्ने आग्रह**

उच्चायुक्तको कार्यालय–नेपाल कम्तीमा सातजनालाई मार्ने तथा अन्य धेरैजनालाई घाइते बनाउने गरी शुक्रबार बारा जिल्लामा एउटा बसमा गराइएको विस्फोटनको भर्त्सना गर्दछ। यो कार्यालय पीडितका परिवारप्रति समवेदना व्यक्त गर्दछ र बम विस्फोटनको जिम्मेवारी दाबी गर्ने तराई आर्मीका सदस्यहरूलाई न्यायको कठघरामा ल्याउन द्रुतगतिमा कारबाही गर्न सुरक्षा अधिकारीहरूलाई आग्रह गर्दछ।

कम्तीमा २४ जनाको मृत्यु भई अन्त्य भएको *मधेशी आन्दोलन* सुरु भएको एक वर्षपछि तथा तराईमा योजना गरिएका आगामी संविधानसभाको निर्वाचनसँग सम्बन्धित र्‍याली तथा प्रदर्शनहरूको पूर्वसन्ध्यामा यो घटना घटेको छ। उच्चायुक्तको कार्यालय–नेपाल संयम अपनाउन तथा शान्ति प्रक्रियाको यस संवेदनशील घडीमा त्यस्तो हिंसाको पुनरावृत्ति हुँदैन भन्ने सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्न सम्बन्धित सबै पात्रहरूलाई आह्वान गर्दछ।

कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले आमजनताको संरक्षण गर्ने आफ्नो कर्तव्यसँग भेला हुन पाउने स्वतन्त्रताको अधिकारलाई सम्मान गर्ने कुरालाई पनि सन्तुलनमा राख्नुपर्छ। आक्रामक तथा हिंसात्मक प्रदर्शनकारीहरूको सामना गर्नुपरेमा, प्रयोग गरिने कुनै पनि किसिमको बल खतराको स्तरसँग समानुपातिक हुनुपर्छ।

विरोध प्रदर्शन गर्ने समूहका नेताहरूसँग पनि प्रदर्शनहरू शान्तिपूर्ण हुने तथा आफ्ना समर्थकहरूले लाठी, बन्दुक वा अन्य हातहतियार नबोक्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी रहेको हुन्छ। उच्चायुक्तको कार्यालय–नेपाल हिंसाको खतरामुक्त भई आफ्ना गतिविधि सञ्चालन गर्न पाउने पत्रकार तथा मानवअधिकार रक्षकहरूको अधिकारलाई सम्मान गर्न सबै पात्रलाई आह्वान गर्दछ। साथै, तिनलाई १८ वर्षमुनिका युवायुवतीहरूलाई हिंसाको चपेटामा वा राजनीतिक उद्देश्य प्राप्तिका लागि हुने चालबाजीमा पर्न नदिन आवश्यक सबै संरक्षणका उपायहरू अवलम्बन गर्न आग्रह गरिन्छ।

संविधानसभाको निर्वाचन अझ समान र प्रतिनिधिमूलक नेपालको निर्माण गर्नेतर्फको शान्ति प्रक्रियामा एउटा अत्यावश्यक कदम हो। उच्चायुक्तको कार्यालय–नेपाल मधेशी, दलित, जनजाति/आदिवासीलगायत सबै सीमान्तकृत समुदायको भेदभावविरुद्ध, सहभागिता तथा प्रतिनिधित्वका अधिकारहरूसँग सम्बन्धित वास्तविक कुण्ठाहरूलाई सम्बोधन गर्न महत्त्वपूर्ण उपायका रूपमा तराईमा वास्तविक सहभागितात्मक संवाद तथा विश्वास–निर्माणका उपायहरू अवलम्बन गर्न सरकारलाई आग्रह गर्दछ।

राजनीतिक उद्देश्य बोकेको दाबी गर्ने सशस्त्र समूहहरूले हत्या, अपहरण, बम बिस्फोटन तथा जबर्जस्ती रकम असुली जस्ता आपराधिक गतिविधि एवं धम्की र त्रास देखाउने जस्ता कार्यहरू तुरुन्त अन्त्य गर्नैपर्छ र आफ्ना घोषित उद्देश्य प्राप्त गर्न शान्तिपूर्ण माध्यमको प्रयोग गर्नैपर्छ। त्यस्ता गतिविधिले अरूका

मानवअधिकारमाथि र स्वतन्त्र तथा स्वच्छ संविधानसभाको निर्वाचनका निम्ति अनुकूल वातावरण सृजना गर्नमा गम्भीर प्रभाव पारिरहेका छन् ।

त्यसबाहेक, *मधेशी आन्दोलन*का क्रममा भएका हत्यासम्बन्धी तथ्य निरूपण गर्नका लागि विश्वासिला अनुसन्धान गर्न अझै बाँकी रहेको छ जसको फलस्वरूप जिम्मेवार व्यक्तिहरूको अभियोजन हुनुपर्छ।

> "*मधेशी आन्दोलन* एउटा उल्लेखनीय घटना थियो जुन दुःखदरूपमा कम्तीमा २४ जनाको हत्या तथा त्यसभन्दा बढी घाइते भएर अन्त्य भयो। यस्तो हिंसा दोहऱ्याउन हुँदैन। सरकारले राज्यका सामान्य संयन्त्र तथा संविधानसभाको निर्वाचनमा सीमान्तकृत समुदायहरूको सहभागिता सुनिश्चित गर्ने वाचा गरेको छ। म यी सबै पात्रहरूलाई मानवअधिकारको सम्मान होस् तथा शान्ति प्रक्रिया अघि बढोस् भन्ने कुरा सुनिश्चित गर्न सहयोगको भावना लिएर एक ठाउँमा आउन आग्रह गर्दछु" उच्चायुक्तको कार्यालय–नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org